थबाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा

५ नं प्रदेश, नेपाल।

## थबाङ गाउँपालिकाको अधिकार क्षेत्रभित्रको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) उत्खनन तथा बिक्री सम्बन्धी गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

***सूचना नं ६।२०७६।०७७ दोस्रो पटक प्रकाशित मिति – २०७६/०७/१७***

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(६) र ६४ एवम् थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष २०७६/७७ को लागि यस कार्यालयले तोकेको दरेरटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी थबाङ गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सो को लागि सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सिलबन्धी बोलपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधीनमा रही आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७५/०७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरी रितपूर्वकको गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

| ठेक्का न | विवरण | न्यूनतम अङ्क (करबाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| ०२/२०७६/७७ | छेर्लोबाङ मिरुल खोला (छेर्लोबाङ-कुरेली सीमानासम्म) | रु. १,००,०००/-(एक लाख रुपैयाँ) | रु. २,०००/-(दुई हजार रुपैयाँमात्र) | कबोल अङ्कको ५% (पाँच प्रतिशत) | सात दिनको १२ बजे भित्र |

पुनश्च:

- नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी, बालुवा आदि) को दर – रु. ३/- प्रति क्यूफिट हुनेछ।

**बोलपत्र सम्बन्धी शर्तहरु**

१.बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको लेखा शाखाबाट खरीद गर्न सकिनेछ र फाराम दस्तुर यस कार्यालयको जनता बैङ्क नेपाल लिमिटेड थबाङ शाखामा रहेको च हि न ११८००९०५७९२०१०५ मा जम्मा गरेको बैङ्क सक्कल भौचर पेश गर्नुपर्नेछ। नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु ७ औं दिन दिनको १२ बजे भित्रमा बोलपत्र दर्ता र सोहि दिन अपरान्हको ३.०० बजे यस कार्यालयमा बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाताहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरीद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो पछाडि लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु सञ्चालन हुनेछन्।

२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरु बोलपत्रदाता स्वयम् वा रितपूर्वक लिखत वारेस पठाई तोकिएको दस्तुर बुझाई खरीद गर्नुपर्नेछ।

३. बोलपत्र फाराम खरीद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्वर/ मु अ करको प्रमाणपत्र तथा आर्थिक वर्ष २०७५/७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

४. बोलपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेखी कबोल अङ्कको कम्तीमा ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको जनता बैङ्क नेपाल थबाङ शाखामा रहेको धरौटी खाता हि नं ११८००९०५७९२०१०४ मा रकम जम्मा गरेको सक्कल बैङ्क भौचर वा मान्यता प्राप्त बैङ्कले यस कार्यालयको नाममा सोही रकम बराबरको कम्तीमा १२० दिन म्याद भएको बैङ्क जमानी पत्र गोप्य सिलबन्दी बोलपत्रसाथ पेश गर्नुपर्नेछ। कबोल गरेको रकम अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

५. यसपूर्व यस कार्यालयबाट कुनै पनि ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन। तर बोलपत्र पेश गर्नुभन्दा अगावै फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

६. बोलपत्र स्वीकृत भईसकेपछि बोलपत्रदाताले मान्यताप्राप्त वाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७६ श्रावण मसान्तसम्म म्याद भएको रीतपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ।

७. स्वीकृत ठेक्का अङ्कलाई दुई किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता ६०% (साठी प्रतिशत) र अन्तिम किस्ता ४०% (चालीस प्रतिशत) मध्ये पहिलो किस्ता ६०% सम्झौताको बखत दाखिला गरी बाँकी ४०% को हकमा जमानत बापत नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैङ्कबाट २०७७ श्रावण मसान्तसम्म मान्य हुने बैङ्क ग्यारेण्टी (Performance Bond) पेश गर्नुपर्नेछ। ४०% रकमको किस्ता सम्झौता समयभित्र भुक्तान गर्नुपर्नेछ। ठेक्का मात्र कर अशुली गर्नुपर्नेछ।

१४. प्राकृतिक स्रोतसाधन निकाल्ने प्रयोजनका लागि लोडर डोजर एक्साभेटर जे सि बी र ६ चक्के टायर भएका भन्दा ठूला हेभी इक्वीपमेन्ट प्रयोग गर्न पाइने छैन।

१५. ढुङ्गा गिटी बालुवालगायत अन्य प्राकृतिक साधनस्रोतको उत्खनन तथा सङ्कलन कार्य बेलुका सूर्यास्तदेखि बिहान सूर्योदयसम्म गर्न पाइने छैन।

१६. स्थानीय स्तरमा प्रत्यक्ष प्रभावित क्षेत्रमा उपभोक्ता समितिद्वारा सञ्चालन हुने सार्वजनिक विकास निर्माण आयोजनाका लागि प्राकृतिक स्रोत साधनको मूल्य प्राविधिक स्टिमेटमा घटाइएको भए यस कार्यालयको सिफारिशमा निशूल्क उपलब्ध गराउनु पर्नेछ।

१७. प्राकृतिक स्रोतसाधन उपयोग तथा बिक्रीकर सङ्कलन गर्ने प्रयोजनका लागि गाउँ कार्यपालिका कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ। साथै स्थानीय तहबाट निकासी गरिने नदीजन्य पदार्थको निकासीकर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ।

१८. नेपाल सरकारको मौजूदा कानुनी व्यवस्था अनुसार आषाढ श्रावण र भदौ १५ सम्म (दुई महिना १५ दिन) नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गर्न नपाइने व्यवस्था भएकाले सो को पूर्णरुपले पालना गर्नुपर्नेछ।

१९. उत्खनन गरिएको नदीजन्य पदार्थ खोलाको किनारा वा सार्वजनिक स्थलमा घाटगद्धी गर्न पाइने छैन। त्यसका लागि बोलपत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नुपर्नेछ।

२०. कुनै पनि बन्द हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाइने छैन। नदीजन्य पदार्थ उत्खनन सङ्कलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्रदाता स्वयमले व्यवस्थापन गर्नुपर्नेछ।

२१. माथि उल्लेखित शर्तहरु उल्लङ्घन गरेमा वा तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैङ्क ग्यारेण्टीबाट अशुल उपर गर्ने गरी कानुनी प्रकृया अपनाइने छ साथै अशुल गर्न बाँकी रकममा १०% थप क्षतिपूर्तिसमेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ।

***अन्य जानकारीका लागि सम्पर्क नं – ९८५७८२४७५०, ९८४९८८६६५७, ९८४७८९७३३८***

इमेल – thabangrm58@gmail.com